# हामी को हौं?

## यो तथ्यपत्रले हाम्रा बारेमा र हामी के गर्छौं भन्ने बारेमा जानकारी प्रदान गर्दछ।

तस्मानिया अपाङ्गता आयुक्त (Tasmanian Disability Commissioner) 1 जुलाई 2025 मा *अपाङ्गता अधिकार, समावेशीकरण र सुरक्षा ऐन 2024 (Disability Rights, Inclusion and Safeguarding Act 2024) (ऐन)* अन्तर्गत स्थापित एक स्वतन्त्र प्राधिकरण हो।

क्याथरीन व्हिटिङ्टन (Catherine Whitington) तस्मानियाकी पहिलो अपाङ्गता आयुक्त हुन्।

अपाङ्गता आयुक्तले सरकारको निर्देशन बिना आफ्नै निर्णय लिन ऐन प्रयोग गर्दछ।

अपाङ्गता आयुक्त तस्मानिया भन्नाले ऐन अन्तर्गतका कार्यहरू गर्न अपाङ्गता आयुक्तलाई सहयोग गर्ने कार्यालय र कर्मचारीलाई जनाउँछ।

हामी तस्मानिया/लुत्रुविता (Lutruwita) मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नका लागि काम गर्छौं। हामी हानि रोक्न, समावेशीकरणलाई बढावा दिन, र अपाङ्गता भएका मानिसहरूलाई सम्मान तथा आदरका साथ व्यवहार गरिएको सुनिश्चित गर्नमा केन्द्रित छौं।

## हाम्रो कार्यपद्धति

अपाङ्गता आयुक्त तस्मानियाले अपाङ्गताको मानवअधिकार-आधारित अवधारणालाई अनुसरण गर्दछ। हामी विश्वास गर्छौं कि:

- सबैको समान अधिकार छ
- अपाङ्गताले नभई अवरोधहरूले बहिष्करण (exclusion) सिर्जना गर्छन्।
- समावेशीकरण अधिकार हो, बोनस होइन
- सुरक्षा महत्त्वपूर्ण हुन्छ
- आवाजहरू सुनिनुपर्छ
- कानूनले अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ।

## हामीले के गर्छौं?

ऐनले अपाङ्गता आयुक्तलाई कार्य र अधिकारहरूको व्यापक दायरा प्रदान गर्दछ।

### १. अपाङ्गता समावेशी कार्य योजनाहरू

हामीले सरकारी एजेन्सीहरूद्वारा सिर्जना गरिएका अपाङ्गता समावेशीकरण कार्य योजनाहरू कार्यन्वयन  गर्छौं।

अपाङ्गता समावेशीकरण कार्य योजनाले पहुँच सुधार गर्न, अवरोधहरू हटाउन र अशक्तता भएका व्यक्तिहरूको अधिकारलाई कायम राख्न मद्दत गर्दछ।

## २. रिपोर्टहरू प्राप्त गर्ने र अनुसन्धान गर्ने

हामीले अपाङ्गता भएका व्यक्तिहरू संलग्न हिंसा, दुर्व्यवहार, उपेक्षा, जबरजस्ती र शोषणका रिपोर्टहरू लिन्छौँ र त्यसमा अनुसन्धान गर्छौं।

## ३. अपाङ्गता समावेशीकरण सल्लाहकार परिषद्

अपाङ्गता समावेशी सल्लाहकार परिषद्ले अपाङ्गता सेवा मन्त्री र अपाङ्गता आयुक्तलाई अपाङ्गता समावेशीताका बारेमा तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका बारेमा सुझाव-सल्लाह दिन्छ।

हामीले परिषदलाई ऐन अन्तर्गत रहेर भूमिका निर्वाह गर्नका लागि प्रशासनिक सहायता प्रदान गर्दछौं।

## ४. प्रणालीहरूलाई अझ प्रभावकारी बनाउने

हामीले तस्मानिया/ लुत्रुवितालाई अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित तथा अधिक समावेशीपूर्ण बनाउन काम गर्छौं।

हामीले धेरै मानिसहरूलाई असर गर्ने मुद्दाहरुको निगरानी गर्छौँ र प्रणाली तथा सेवाहरू सुधार गर्ने प्रयत्न गर्छौँ। यसलाई प्रणालीगत वकालत (सिस्टमिक एड्भोकेसी) भनिन्छ। यो काम हामीले यसरी गर्छौं:

- अपाङ्गता भएका व्यक्तिहरूको कुरा सुन्ने
- अपाङ्गता अधिकार सम्बन्धि सचेतना तथा समझदारी बढाउने
- सरकार तथा सम्बन्धित सेवाहरूका लागि सिफारिस गर्ने।

# हामीलाई सम्पर्क गर्नुहोस्

तपाईंले हामीलाई आफूलाई सबैभन्दा उपयुक्त हुने तरिकाबाट सम्पर्क गर्न सक्नुहुन्छ।

हाम्रो कार्यालय सोमबारदेखि शुक्रबार, बिहान ९: ०० देखि साँझ ५: ००बजेसम्म खुला रहन्छ।

- फोन: 1800 179 249 (निःशुल्क फोन) वा 03 6270 5500
- इमेल: contact@disabilitycommissioner.tas.gov.au
- अनलाइन फारम: www.disabilitycommissioner.tas.gov.au/contact_us
- हुलाक ठेगाना: GPO Box 123, Hobart, Tasmania 7001
- प्रत्यक्ष सम्पर्कका लागि: Level 5, 188 Collins Street, Hobart, वा तपाईंले आफ्ना लागि सुरक्षित महसुस गर्ने ठाउँ। भेट्नका लागि समय बुक गर्न हामीलाई सम्पर्क गर्नुहोस्।

तपाईं यी कुनै पनि विकल्पहरू प्रयोग गरेर रिपोर्ट बनाउन सक्नुहुन्छ वा हाम्रो वेबसाइटमा रिपोर्ट फारम भर्नुहोस्: www.disabilitycommissioner.tas.gov.au/report।

यदि तपाईं वा तपाईंले चिनेको कोही तत्काल खतरामा छ भने, कृपया 000 (तीन शून्य) मा फोन गर्नुहोस्।

हाम्रो बारेमा थप जानकारीका लागि, हाम्रो वेबसाइटमा जानुहोस्: www.disabilitycommissioner.tas.gov.au

## अस्ल्यान (Auslan) र अडियोमा जानकारी

यो जानकारी Auslan र अडियोमा फेला पार्न QR कोड स्क्यान गर्नुहोस्।

## कृतज्ञता

हामी तस्मानियाका सबै आदिवासी मानिसहरू, उनीहरूको पहिचान तथा संस्कृतिलाई स्वीकार र सम्मान गर्दछौं।

हामी अपाङ्गता भएका व्यक्तिहरू, परिवारका सदस्यहरू, हेरचाहकर्ताहरू र समर्थकहरूको जीवन तथा जीवन अनुभवलाई स्वीकार गर्दछौं।



1800 179 249 वा +61 3 6270 5500
इमेल: contact@disabilitycommissioner.tas.gov.au
disabilitycommissioner.tas.gov.au